# रासायनिक मलको वर्तमान अवस्थाका बारेमा कृषि सामग्री कम्पनी लिमिटेडको

## प्रेस विज्ञप्ति

कृषकलाई सहज र सुलभ रुपमा रासायनिक मल उपलब्ध गराउने नेपाल सरकारको नीति कार्यान्वयन गर्न नेपाल सरकारबाट रासायनिक मल खरिद तथा वितरणको जिम्मा पाए बमोजिम यस कम्पनीले अन्तर्राष्टिय बजारबाट जि.टु.जी तथा ग्लोबल टेण्डरको माध्यमबाट मल खरिद गरि देशभर क्रियाशिल रहेका करिब ७००० सहकारी संघ/सस्थाहरु मार्फत विक्री वितरण कार्य गर्दै आएको छ। मल आयात तथा वितरणमा विद्यमान अनेक समस्या र जटिलताका विच पनि कम्पनीले सरकारले दिएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्दै आएको छ। यसै परिप्रेक्ष्यमा **सुदुर पश्चिममा युरिया मलको चरम अभाव** भन्ने शिर्षक राखि मिति २०८२।७।१६ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको पेज नम्बर ७ मा प्रकाशित समचार प्रति यस कम्पनीको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्वन्धमा यस कम्पनीबाट रासायनिक मलको आपुर्ती र विक्री वितरण सम्वन्धमा भए गरेका कार्यहरु निम्नानुसार भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

१. चालु आ.व. २०८२/८३ को २०८२ कार्तिक १५ सम्म युरिया ४७,०१८.०५० मे.टन, डि.ए.पी. ५४,०५८.१५० मे.टन र पोटास २,६९१.५५० मे.टन गरी जम्मा १,०३,७६७.७५० मे.टन मल बिक्री भै सकेको र हाल कम्पनीसँग मार्गस्थल र गोदाम मौज्दात समेत युरिया ६३,९०३.३५० मे.टन, डि.ए.पी. ५५,७४२.५५० मे.टन, पोटास २,७८० मे.टन समेत जम्मा १,२२,४२५.९०० मे.टन मल मौज्दातमा रहेको र कम्पनीका प्रादेशिक तथा शाखा कार्यालयहरुबाट नियमित रुपमा कार्यविधि बमोजिम बिक्री वितरण हुँदै आएको छ।

२. चालु आ.व. को लागि मन्त्रालयबाट प्राप्त आपूर्ति योजना एवं निर्देशन बमोजिम कम्पनीको वार्षिक खरिद कार्यक्रम ४,२०,००० मे.टन रहेकोमा ३,५९,००० मे.टन को खरिद सम्बन्धी सम्पुर्ण कार्य पुरा भई कतिपय मलखाद प्राप्त भै सकेको र बाँकी परिमाण प्राप्त हुने प्रक्रियामा रहेको छ । साथै बाँकी परिमाणको खरिद प्रक्रिया क्रमश अगाडि बढाउने योजना रहेको छ ।

३. कम्पनीले ग्लोवल टेण्डर तथा जि.टु.जि खरिद मार्फत भारतको कलकत्ताबाट हाल युरिया २ वटा सम्झौताबाट प्राप्त हुने ६०,००० मे.टन मल मध्ये ९,४५० मे.टन मल कम्पनीको गोदाममा प्राप्त भै सकेको, र ३१,५५० मे.टन मल नेपाल नाका भन्सार विन्दुमा प्राप्त भएको र २०,००० मे.टन मल कलकत्ताबाट नेपाल आउने क्रममा रहेको छ । साथै युरिया ९०,००० मे.टन शिपमेन्ट भई भारतको कलकत्ता पोर्टमा आउने क्रममा रहेको छ भने डि.ए.पी. ३०,००० मे.टन मल प्राप्त भै सकेको र २५,००० मे.टन मल शिपमेन्ट भई कलकत्ता पोर्टमा आउने क्रममा रहेको छ।

४. उक्त पत्रिकामा प्रकाशित समाचारमा उल्लेख गरिएको सुदुरपश्चिम प्रदेशको सन्दर्भमा कम्पनीको प्रादेशिक कार्यालय, धनगढीमा हाल ६१० मे.टन युरिया, २,८३७.७०० मे.टन डि.ए.पी. र २८५.६५० मे.टन पोटास गरी जम्मा ३७३३.३५० मे.टन मल र शाखा कार्यालय, महेन्द्रनगरमा युरिया ५७० मे.टन, डि.ए.पी १११६.७०० मे.टन र पोटास ४९.६०० मे.टन गरी जम्मा १७३६.३०० मे.टन मल मौज्दात रहेको छ भने प्रादेशिक कार्यालय, भैरहवाबाट उक्त दुवै कार्यालयहरुमा दैनिक रुपमा मल परिचालन भै रहेको छ। चाडबाडको लामो विदामा कार्यालय बन्द रहने हुँदा गोदाममा मौज्दात मलको परिचालन तथा विक्री वितरणमा केहि ढिला हुन गएको भएता पनि हाल कोटा बमोजिमको मल विक्री वितरण कार्य विद्यमान अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम सुचारु भै सकेको हुँदा उक्त पत्रिकामा प्रकाशित भए जस्तो मलको चरम अभाव नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

५. पुनश्चः जिम्मेवार सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुले प्रयास रुपमा अध्ययन तथा खोजविन गरि तथ्यपरक समाचार तथा विश्लेषण प्रेषित गरिदिनु हुन तथा मलखाद जस्तो सवै जनतासंग जोडिने सम्वेदनशिल विषयमा समाचार प्रकाशन गर्दा सम्वन्धित कार्यालयको जिम्मेवार पदाधिकारीसंग पुष्टि गरेर मात्र गरिदिनु हुन अनुरोध समेत गरिन्छ।

कृषि सामग्री कम्पनी लिमिटेड
प्रधान कार्यालय कुलेश्वर, काठमाडौं